जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ०८, २०८१ भदौ २७ गते विहीबार, 12 Sep. 2024, नेपाल सम्वत्-११४४ पृष्ठ-६, मूल्य रु. ५/-

कार्यविधि नबन्दा कृषि बजार अलपत्र

○ सहीखबर संवाददाता

मकवानपुर । कृषि उत्पादनलाई प्रोत्साहन गर्नेको लागि निर्माण गरिएको थोब बजार अलपत्र परेको छ ।

बागमती प्रदेश सरकारले मकवानपुरको हेटौंडा उपमहानगर पालिका-११ थानाभ्याङमा निर्माण गरेको प्रादेशिक कृषि थोक बजार संरचना पुरा भए पनि सञ्चालन कार्यविधि नबन्दा अलपत्र परेको हो । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सञ्चालन मोडालिटी टुंग्याएर कार्यविधि बनाउने तयारी रहेको बताउँदै आएको छ ।

प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले बजारको स्थलगत निरीक्षण गर्दै एक महिनाभित्र सञ्चालन गर्न निर्देशन दिएको बताए । "समयै सञ्चालन हुनुपर्छ, एक महिनाभित्र चलेको खबर पाउनुपर्छ" स्थलगत अनुगमनका क्रममा मन्त्री काफ्लेले भने ।

थोक बजारको भौतिक संरचना तयार भएसँगै कार्यविधि निर्माणमा जुटेको मन्त्रालयका सचिव विनोद भट्टराईले बताए । भवन हस्तान्तरण हुनु अघि कार्यविधि बनाइसक्ने योजना हेरि रहेको मन्त्रालय मातहतको कृषि विकास निर्देशनालयका निर्देशक सुधिर श्रेष्ठले बताए ।

हेटौंडा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले कार्यविधि बनेपछि यो थोक बजार उपमहानगरपालिकाले सञ्चालन गर्ने बताए । प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिकाबीच यसअघि नै थोक बजार निर्माणको सम्झौता भएर सञ्चालनको जिम्मा कार्यालयले लिने सहमति भएको थियो । प्रदेश सरकारले ७०/३० को लगानी मोडलअनुसार दुई बिघा ४ धुर क्षेत्रफलमा तीन वर्ष लगाएर थोक बजार निर्माण गर्ने लक्ष्यसहित १४ भदौ २०७७ मा हेटौंडा उपमहानगरपालिकासँग सम्झौता गरेको हो ।

सम्झौताको एक वर्षपछि थोक बजार निर्माण थालिएको थियो । थोकबजार निर्माणका लागि अनक/माउण्टेन जेभी काठमाडौंले ३० करोड ८७ लाख ६२ हजार ७ सय ८७ रुपैयाँमा ठेक्का पाएको थियो । ९ जेठ २०७८ मा काम सुरु गरेको कम्पनीले जेठ २०८१ भित्र सम्पन्न गर्नुपर्ने सम्झौतामा थियो । ७ महिना म्याद थप भएकाले ८ मंसिरसम्ममा काम सम्पन्न गरिसक्नुपर्नेछ । कृषि विकास निर्देशनालय बागमती प्रदेशले कृषि थोक बजारको भौतिक प्रगति ९६ प्रतिशत भएको जानकारी दिएको छ । सडक कालोपत्रे र अन्य सामान्य काम मात्रै गर्न बाँकी रहेको निर्देशनालयका सबइन्जिनियर मोदनाथ तिम्सिनाले जानकारी दिए । प्राविधिक मूल्यांकनमा सडक कालोपत्रे नभएकाले निर्देशनालयले सडक निर्माणका लागि ठेक्का खुलाउने तयारी गरेको छ ।

थोक बजार निर्माणको गत असारसम्म वित्तीय प्रगति ८६ प्रतिशत रहेको निर्देशनालयले जनाएको छ । निर्माण कम्पनीलाई २६ करोड ५५ लाख ३५ हजार ९ सय ९६ रुपैयाँ गत असारमै भुक्तानी भएर थप २ करोड भन्दा बढीको भुक्तानीको चरणमा रहेको निर्देशनालयले जानकारी दिएक छ । चालू आर्थिक वर्ष २०८१/०८२ मा बागमती सरकार ले थोक बजारका लागि ४ करोड विनियोजन गरेको छ ।

थोक बजार निर्माणका लागि हेटौंडा उपमहानगरले तत्कालीन समयमा थानाभ्याङस्थित राप्ति पुल नजिकैको जग्गामा रहेका ५८ वटा घर/टहरा हटाएको थियो । जग्गा खाली गरेपछि १८ असार २०७८ मा बागमतीका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल र उपमहानगरका मेयर हरिबहादुर महतले शिलान्यास गरेका थिए ।

यस्तो छ थोक बजार

थोक बजारमा होलसेल मार्केट, रिटेल (खुद्रा) मार्केट, किसानको टहरा, प्रशासनिक तथा क्यान्टिन, कोल्ड स्टोरेजलगायतका संरचना तयारी छ । बजारको होलसेल मार्केटमा ४० वटा सटर र रिटेल मार्केटमा २३ वटा सटर रहेको छ । भवनमा अण्डरग्राउण्ड पार्किङको पनि सुविधा छ । एउटै भवनमा दुई वटासम्म लिफ्ट छ ।

अन्तर्राष्ट्रिय मापदण्ड अनुसार यो थोक बजार निर्माण गरिएकोले व्यवस्थित तवरले चलाउँनको लागि कार्यविधि आवश्यक भएको मन्त्रालयका सचिव भट्टराई बताए । भण्डारण, शीतभण्डार, प्याकिङ, ग्रेडिङ र प्रशोधन जस्ता कार्य यहाँबाट गर्न सकिने उनले बताए ।

अदालत



पुर्‍याे अस्पतालको विवाद



○ सरिता दाहाल

मकवानपुर । राजनीतिक दल र व्यक्तिको स्वार्थमा झण्डै ५ महिनादेखिको विवादको विषय बन्दै आयो मकवानपुरको हेटौंडा अस्पताल ।

बागमती प्रदेश सरकारले प्रादेशिक अस्पतालको रूपमा विकास गरिरहेको यो अस्पतालको विवाद दुङ्गो लाग्नुभन्दा झन्ै पेचिलो बन्दै आएको छ । अस्पतालको विवाद अब अदालत पसेको छ । स्वामित्वको विषयमा हुँदै आएको विवादबारे अबको छिनोफानो अदालतले गर्नुपर्ने छ । अस्पतालको स्वामित्वको विषयमा सर्वोच्च अदालतमा रिट दर्ता गरिएको हो । अधिवक्ता केशव प्रसाद गौतमले संघीय सरकारसहित १० निकायलाई प्रतिवादी बनाएर रिट निवेदन दर्ता गरेका हुन् ।

अधिवक्ता गौतमले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रजिष्ट्रारविरूद्ध दर्ता गरेको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदर बार काठमाडौं, स्वास्थ्य मन्त्रालय काठमाडौं, बागमती प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, प्रदेश स्वास्थ्य मन्त्रालय, प्रदेशसभा सचिवालय बागमती प्रदेश, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा, प्रतिष्ठानका व्यवस्थापन समितिको अध्यक्ष, हेटौंडा अस्पताल व्यवस्थापन तथा सञ्चालक समितिलाई विपक्षी बनाएका छन् ।

सरकारी सम्पत्ति कुनै अमुक संस्थालाई दिनेगरी कानून बनाइ हेटौंडा अस्पतालको चलअचल सम्पत्ति कब्जा गर्ने काम भएको रिट निवेदनमा उल्लेख छ। नेपालको संविधान २०७२ को धारा १३३ (२) (३) (४) अन्तर्गत उत्प्रेषणयुक्त, परमादेश माग गर्दै अधिवक्ता गौतमले संविधान तथा संघीय कानूनसँग बाझिएको प्रदेशको कानून बदर गर्न माग गरेका छन् ।

रिट अनुसार २०१६ मा तत्कालीन सरकारको लगानीबाट स्थापना भइ सञ्चालन रहेको हेटौंडा अस्पताललाई संविधान, कानून विपरीत प्रदेश सरकारले प्रतिष्ठानको स्वामित्वमा राख्न नमिल्ने भनिएको छ । हेटौंडा अस्पताललगायत प्रदेशका अन्य अस्पताललाई प्रतिष्ठान मातहत हुनेगरी ऐन, कानून, नियम, नियमावली बनाउने, तथा सरकारी सम्पत्ति प्रतिष्ठानको बनाउने अधिकार प्रदेशलाई संविधान र संघीय कानूनले प्रदान नगरेको रिटमा उल्लेख छ ।

हेटौंडा अस्पताललाई प्रदेश सरकार मातहत राख्ने गरी प्रदेश सरकारले जारी गरेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ बदर गर्न रिट निवेदनमा माग गरिएको छ । अधिवक्ता गौतमले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ को विभिन्न दफा/उपदफा संविधानसँग बाझिएको बदर गर्नु पर्ने रिटमा उल्लेख छ।

दलहरुबीच जुहारी

बागमती प्रदेशको प्रादेशिक अस्पताल मदनभण्डारी स्वास्थ्य विज्ञान हेटौंडा अस्पतालबारे राजनीतिक दलबीचको विवाद ४ महिनादेखि नै मैदानमा नै देखिदै आएको छ।सरकारमा सहभागी दलहरूबीचमै यस बारे मत नमिल्दा दलगत रूपमा प्रेस विज्ञप्ती प्रकाशन गर्ने र ध्यानाकर्षण गराउने होड विगतमै देखियो ।

विगतमा जिल्ला अस्पतालको रूपमा रहँदा हेटौंडा अस्पताल रिफर सेन्टरको रूपमा थियो । संघीय संरचनासँग बागमती प्रदेशले प्रतिष्ठान अन्तरगत राखेर अस्पतालको विकास र सेवामा आमुल परिवर्तन ल्याएको थियो । तर दलहरूबीच मत नमिलेपछि अस्पतालबारे भ्रम फैलाएको भन्दै प्रदेशको पहिलो मुख्यमन्त्री डोरमणी पौडेलले आफ्नो धारण पत्रकार भेटभाट मार्फत स्पष्ट पारेका थिए।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र हेटौंडा अस्पतालको सम्वन्धमा भ्रममा नपर्न बागमती प्रदेशका तत्कालिन मुख्यमन्त्री डोरमणि पौडेलले आग्रह गरेका थिए । हेटौंडामा पत्रकार सम्मेलन गर्दै पौडेलले अरू देशैभरीका प्रतिष्ठान जस्तै हेटौंडा अस्पताल पनि सरकार मातहत रहेको प्रतिष्ठान रहेकाले यसबारे भ्रममा नपर्ने सर्वसाधारणलाई आग्रह गरे । तर दलबीच आन्तरीक असमझदारी सुल्झिएन ।

उनी मुख्यमन्त्री हुँदा नै हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तरगत ल्याइएको थियो। त्यसपछि नै प्रतिष्ठानमा अध्ययन अनुसन्धान र चिकित्सा शिक्षाको अध्ययन सुरू गरिएको थियो । हाल प्रतिष्ठानमा स्वास्थ्य विज्ञानअन्तर्गतका विभिन्न विषयहरूको अध्यापन भइरहेको छ जसमा २७० जना विद्यार्थीहरू अध्ययनरत छन् ।

निकट भविष्यमै एमबिबिएस पठनपाठन शुरूगर्ने तयारी भइरहेको छ, अस्पताललाई ५०० वेडको विस्तार गर्ने काम तिव्र गतिमा अगाडि बढेको छ । बेसिक हेल्थ साइन्सको पठनपाठनका लागि प्रतिष्ठानले ५५ करोडको लगानीमा हेटौंडा १०, टिसिएनमा अत्याधुनिक भवन निर्माण गरिरहेको छ । प्रतिष्ठानले स्वास्थ्य सेवाका लागि विज्ञ चिकित्सक तथा दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखी काम गरिरहेकेको हुँदा केहि वर्षभित्रै प्रतिष्ठानबाट शिक्षा लिएका स्वास्थ्यकर्महरू स्वास्थ्य सेवाका लागि स्वास्थ्य क्षेत्रमा आउने अवस्था रहेको छ ।

प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको स्वास्थ्य सेवा र शिक्षा नीतिअनुरूप काम गर्ने हुँदा अस्पताल पूर्णत सरकारी अस्पताल रहेको बताउँदै पौडेलका अनुसार अस्पताल सेवा तथा स्वास्थ्य शिक्षा समेत सरकारी नीति नियम अनुसार नै संचालन हुनेछ ।

प्रदेश राजधानीको स्वास्थ्य सेवाको विकास र विस्तारमा करिव ५ वर्षकै अवधिमा ठूलो फड्को मारेको, स्वास्थ्य सेवामा मकवानपुरबासी आत्मनिर्भर बन्दै गएको, जिल्ला बाहिर का बिरामी समेत उपचार गर्न आउने वातावरण बनेको यथर्थतालाई सबैले मनन गर्नु पर्ने पौडेल बताउँछन् । उनले भने "कूनै पनि वहानामा प्रतिष्ठानले प्रदान गर्ने सेवा सुविधा कटौती हुने आमनागरिकले लिने स्वास्थ्य सेवामा कटौती हुनेगरी गरिने सबैखाले प्रयास अभिव्यक्ति र टिप्पणीलाई हामीले कडा रूपमा प्रतिवादगरी प्रतिष्ठानको स्वायत्तता र स्थायित्वका लागि खवरदारी गर्नु पर्ने अवस्था छ ।"

यसअघि अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गाम्ने प्रयास हुन लागेको भन्दै यहाँका आठ राजनीतिक दलले त्यसको विरोध गरेका थिए, भने नेकपा एमाले त्यसको समर्थनमा उत्रेको थियो । अस्पतालको बारेमा अनावश्यक भ्रम फैलाउन दलहरू लागि परेको भन्दै एमालेले टिप्पणी गरेको हो ।

आफ्नै सम्पत्ति, आफ्नै अस्तित्व र गरिमा रहेको अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गाम्ेर यसको अस्तित्व मास्न खोजिएको दावी दलहरूले गरेका छन् ।

यसअघि १६ साउन २०८० मा पनि हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाम्ने प्रक्रियाको विरोध गर्दै जिल्लामा क्रियाशील राजनीतिक दलहरुले प्रदेश सरकारको ध्यानाकर्षण गराएका थिए।

२०८१ भदौ २७ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
संवाददाता: गोपिनी दाहाल
प्रबन्ध/बजार व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

करको करकर

हेटौडाले आर्थिक वर्ष २०८१।०८२ को कर का दरमा व्यापक बढायो । तर यसरी बढाएको करको दरको जानकारी राजपत्रमा प्रकाशित भएपछि साउन दोस्रो साता मात्रै सरोकारवालाले जानकारी पाए । उपमहानगरपालिकाले नगर सभा असार २ मा गरी नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको थियो नीति तथा कार्यक्रममा करको दायरा मात्रै बढाउने दर नबढाउने उल्लेख छ। जुन प्रस्तुत गर्दा नै नगर सभा सदस्यले सुनेका थिए । बजेट पारित गर्न बसेको नगरसभाको अर्को बैठकमा बजेट पारित गरियो त्यसमा समेत कर बढाउने उल्लेख भएन तर नगरसभाको निर्णय प्रमाणित हुँदा करको दर बढाइयो। नगर सभा सदस्य तथा सरोकारवालालासँग छलफल नै नगरी करको दर ५० प्रतिशतदेखि करिब २०० प्रतिशतसम्म बढाएको भन्दै व्यवसायीहरू आन्दोलित भएे । सम्झौता गरी आन्दोलन रोकियो तर नगरसभाका ४८ जना बहुमत सदस्यले करको दर बढाएको भन्दै विशेष नगरसभा माग गरे ।

साउनदेखि उपमहानगरपालिका आर्थिक संकटमा पर्‍यो । वडा तथा कार्यालयका खाता संचालन भएन,वडा कार्यालयलाई खर्च दायित्व हुने कुनै पनि काम नगर्न भनिएको छ।विगतमा देश भर नै उत्कृष्ट रहदै आएको नगरपालिकाको इतिहासमा करिब २ महिना डेडलक नै भयो । कर्मचारीले तलब पाएनन्।करोडौ भुक्तानी रोकियो। विशेष नगरसभाको लागि बोलाइएको कार्यपालिका बैठक काँग्रेस सम्बद्ध दलका वडा अध्यक्ष तथा उपप्रमुखले समेत बहिष्कार गरे ।

व्यवसायीसँगको सम्झौता र नगर सभाको मागलाई समेत बेवास्ता गर्दै रहेका नगर प्रमुखले अन्तत:विशेष नगरसभा आव्हान गरेका छन्। कानुन त बहुमत सदस्यले कुनै विषयमा छलफल गर्नु पर्ने भन्ने विशेष नगरसभाको लागि निवेदन दिए नगर प्रमुखले १ महिना भित्र नगर सभा आव्हान गर्नुपर्ने हुन्छ । लामो समयको रस्साकसीपछि २८ भदौमा नगर सभा बोलाइएको छ। बढेका करका दरलाई नियमित गर्न बोलाइएको सभामा पर्याप्त छलफल होस्,करको दायरा बढाइयोस् दर हैन ।

फुलेको कपाल र मुहारमा रेखासँगै फेरिने समय



बबिता बस्नेत

तपाईंले जीवनमा कति पढ्नुभो भन्दा बढी के पढ्नुभो भन्ने कुराले अर्थ राख्दोरहेछ । कति हिँड्नुभो भन्दापनि कहाँ पुग्ने बाटो हिँड्नुभो भन्ने कुराले महत्व राख्दोरहेछ । कति समय बाँच्नुभो भन्दा कस्तो जीवन बाँच्नुभो। त्यसले माने राख्दोरहेछ ।'

प्रकृति र मानिसको शरीरबीच गहिरो सम्बन्ध छ । आफू वरिपरिका रुखलाई हेर्दौं, केही वर्ष अघिसम्म कल्कलाउँदो बिरुवा थियो, हुर्किदै गयो, बढ्दै गयो, फूल फूल्न थाल्यो, फल लाग्न थाल्यो। फूलफुल्दै गर्दा मानिसहरूले "आहा" भने,"कति राम्रो" भनेर प्रशंसा गरे, बाटो हिँड्दै गरेका बटुवाले पनि एकछिन उभिएर हेरे, भमराहरू झुम्मिए, वरिपरिको माहोल नै रमणीय बन्यो । फल लागेपछिको अवस्थाको त झन् कुरै भएन, हेर्दै रमाइलो, खान मिल्ने या नमिल्ने कुनै पनि फल फलेको बेला रुख झन् राम्रो देखियो । चराहरू झुम्मिए, मानिसहरूले फल टिपे र रमाउँदै खाए । कतिपय फललाई असिनाले झारह्यो, कति चिचिलैमा निमोठिए, घाम पाएनन् र कतिलाई चाहिँ हावा हुरीले झारह्यो । वर्षौंसम्म फल दिएको रुख हेर्दाहेर्दै बिस्तारै कम फुल्न थाल्यो र, थोरै फल दिन थाल्यो । पातहरू झर्न थाले, जिङ्ग्रि पर्न थाल्यो । चराहरू बास बस्न छोडे, मानिसहरूको पनि आँखा जान छोड्यो । केही वर्ष जिङ्ग्रिएर अन्ततः रुख मरह्यो, मर्छ ।

मानिसको जीवन पनि त्यस्तै हो । कलिलो बच्चा बढ्दै गएर युवा बन्यो । युवा महिला, पुरुष या एलजीबीटीआइक्यू जे भएपनि शारीरिक परिवर्तनहरू भए । जीवनमा कहिले उत्साह उम" छायो त कहिले निराशाले घेरह्यो । फल लागेका वृक्षको पछिलागे जस्तै गरी धन सम्पत्ति, पद भएका मानिसहरूका पछि कतिपय मानिस लागे र खासै केही नभएकाहरूका पछि मानिसहरूको भीड लागेन । जीवनयात्रा अघि बढाउँदै जाँदा अनेक हुरी, खडेरी, खाल्डाखुल्डी, असिना जीवनमा पनि परह्यो । धान्न सक्नेले धाने, धान्न नसक्नेले संसार छोडेर पनि गए, जसरी कतिपय रुखहरू बीचैमा मरेका थिए । रुखका हाँगाहरू छिमलिए जस्तै मानिसका पनि कति इच्छा, आकाङ्क्षा र चाहनाहरू छिमलिए, कतिले मौलाउने मौका पनि पाए । रुखको बोक्राहरू सुक्दै गएर साँघुरिएझैं मानिसको मुहारमा पनि चाउरी परेर वरिपरि रेखाहरू बस्न थाले, बसे । कालो कपाल फुल्न थालेपछि तिलचामले हुँदै सेतो रङ्गमा परिणत हुन थाल्यो, भयो । फल लाग्न छोडेको रुखलाई झैं मानिसहरूले अलिक फरक व्यवहार गर्न थाले । कुनैबेला आफ्ना बोली, शब्दहरू सुन्न अघि-पछि झुम्मिने मानिसका समूह कता गए थाहा भएन, तर आफूले भन्न खोजेको कुरा सुनिदिने कोही भएन । कता कता हराएजस्तो, एक्लिएजस्तो महसूस हुँदाहुँदै जिन्दगी सकियो, सकिन्छ ।

जिन्दगीको यो वास्तविकतालाई आत्मसात गर्न त्यति सहज छैन, हुँदैन । त्यसैले त उमेर बढ्दै जाँदा हुने शारीरिक परिवर्तनले हामीलाई पटक-पटक झस्काइरहेको हुन्छ । यति चाँडै मेरो अनुहारमा कसरी चाउरी परह्यो ? निधारमा यति धेरै रेखा बस्ने बेला भइसक्यो र ? एउटा, दुइटा गर्दै कति धेरै कपालहरू फुल्न थाले, कपाल फूल्ने बेला भयो र ? यो प्राकृतिक हो "यस्तै हो" भनेर आत्मसात गर्ने भन्दापनि "यति चाँडै कसरी यस्तो भयो" जस्तो लागिरहेको हुन्छ । स्वस्थ हुँदा र रोग लागेपछिको जिन्दगीका रङ्गहरू फरक हुन्छन्, यात्राहरू फरक हुन्छन् । कहिलेकाहीं मान्छेले हेर्ने दृष्टिकोणहरू पनि फरक हुन सक्छन् । सजिला र अप्ठ्यारा समयले मान्छे चिन्न सहज बनाइदिन्छ, तथापि कसैलाई चिनेर या नचिनेर हुनेचाहिँ केही होइन । जिन्दगी एउटा अनुभूति हो, तपाईंले जसरी बाँच्नुभयो यो त्यस्तै बन्ने रहेछ । खुशीहरूमा जिन्दगी हाँसेझैं लाग्छ, दु:खहरूमा रोएझैं लाग्छ । आफूलाई कस्तो बनाउने ? खासमा हाम्रो आफ्नै सोचमा निहीत छ, तर प्राय: हामीमध्ये धेरैले आफूलाई कस्तो बनाउने भन्ने कुरा अरुलाई जिम्मा दिइरहेका हुन्छौं । परिणामत: कसैले फरक व्यवहार गरह्यो भने हाम्रा भावनाहरू मात्र तलमाथि हुँदैनन्, जिन्दगी नै खस्किएको अनुभूति हुन्छ । यदि आफूले आफैलाई समय दिएर आफ्नो बारेमा र प्रकृतिको बारेमा अलिकति गहिरिएर सोच्ने हो भने हाम्रो जीवनमा भएका, हुने गरेका घटनाहरू त्यति धेरै असामान्य लाग्दैनन् । कतिपय घटना सन्दर्भमा हामीलाई समय फेरियो जस्तो लाग्छ । खासमा फेरिएको समय होइन, फेरिएका त हामी हौं ।

मुहारमा कोरिएका अनुभवका रेखाहरूले जिन्दगीलाई झस्काउने भन्दा पनि बाँकी दिनहरू खुशीसँग बिताउन प्रेरणा लिनुपर्ने देख्छु । कसले के खायो, के लायो, किन त्यस्तो गरह्यो, कसरी त्यहाँ पुग्यो.. जस्ता चासो/चियोचर्चाका कुराबाट मुक्त हुनासाथ जीवन सहज हुन्छ । "यो विषयमा केही लेख्नैपर्छ कि के हो" भन्ने कुरा माइण्डमा राखिदिने मेरी एक साथीका भनाइले मलाई केही क्षणसम्म उनलाई कसरी पो सम्झाउने हो जस्तो बनाएको थियो । उनले भनेकी थिइन् "कपाल रङ्ग्याउने कलर नभएको भए म त कहिल्यै पनि ऐना हेर्ने थिइन होला ।"

प्रकृतिले फरक बनाउँदै गएको आफ्नो रुप र शरीरसँग आत्तिन थाल्यो भने मान्छेले बाँच्नै नपाइ मृत्युवरण गर्छ । प्रकृति र मृत्युको वास्तविकतालाई स्वीकार्न सक्यो भने कपाल फुल्यो या आफ्नो समय सकिन लाग्यो भनेर धेरै चिन्ता लिनु पर्दैन । ऐना हेर्ने बेलामा दु:खी हुनु पर्दैन । जीवनमा जे निश्चित छ त्यसलाई स्वीकार्दै अघि बढ्ने हो, मुहार चाउरी परह्यो भनेर मन खिन्न गर्नु पर्दैन" मन र मष्तिष्क नचाउरिए पुग्छ ।

हिजोआज भेटिएकामध्ये धेरै मानिसले बुढेसकालमा के होला ? सन्तानले हेर्ने हुन् कि हैनन्, बिरामी भइयो भने उनीहरू कहाँ हुन्छन् होला भनेर चिन्ता गरेको पाइन्छ । हाम्रो समाजमा सन्तानलाई बुढेसकालको लठ्ठी अर्थात् सहारा मान्दै आएको कारणले यस्ता चिन्ताहरू मनमा आएका हुन् । हाम्रो पुस्ता नै शायद यस्तो पुस्ता हो जसले बाबुआमालाई आफ्नो उत्तरदायित्व ठान्यो, ठानिरहेको छ ।

अबको पुस्ताले बाबुआमालाई हेर्ने दृष्टिकोणमा "उत्तर दायित्व" त्यति धेरै महसूस नगर्न पनि सक्छ । उनीहरूको हुर्काइ र हाम्रो पुस्ताको हुर्काइ फरक छ, एकर्कालाई हेर्ने दृष्टिकोण र व्यवहार फरक छ । सन्तानका लागि भनेर साँचेर राख्ने हाम्रो चलनमा पनि अब परिवर्तन गर्नुपर्छ जस्तो लाग्छ । आफूले आवश्यकताअनुरुपको उपभोग नगरी सन्तानका नाममा जतन गरेर राख्दा आफूले मात्र नभइ सन्तानले पनि उपयोग गर्न नपाएका घटनाहरू आफू वरिपरि नै भइरहेका छन् । बाबुआमाले खर्च नगरी जोगाएर राखेको सम्पत्ति सन्तानले उपयोग नगरी आफ्नो गन्तब्यतिर लाग्न पनि सक्छन् ।

आफूमा आएको शारीरिक, मानसिक, आर्थिक, भावनात्मक कुनै पनि परिस्थितिलाई सामना गर्नका लागि हामी तयार हुनुपर्छ । परिस्थितिलाई आत्मसात गर्ने शक्ति भएन भने मानिसको अवस्था कुनैपनि बेला नाजुक बन्न सक्छ । वृद्धा अवस्थालाई कसरी युवा जोशले भरिपूर्ण बनाउने, चाउरिएको मुहारबीच कसरी निर्धक्क खित्का छोडेर हाँस्ने, आफैले बनाउने हो । उमेर वर्षसँग भन्दा बढी उर्जासँग सम्बन्धित छ । युवा अवस्थाको पोटिलो गालाबीचमै पनि मानिस उर्जाविहीन हुनसक्छ र वृद्धा अवस्थामा युवाको जाँगर

बाँकी पेज ५ मा

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

बागमतीमा कुपोषित बालबालिका बढ्दै

◯ सुनिता विष्ट

बालबालिकालाई खुवाउने खानेकुरामा हरेक दिन शरीरलाई चाहिने पौष्टिक तत्वको मात्रा पूरा हुनुपर्छ। एकै खानेकुराबाट सबै पोषक तत्व पाइदैन मिश्रित खाना खुवाउँनुर्छ।

मकवानपुरको हेटौँडा उपमहानगर पालिका-१०, निवासी सविना खत्रीकी छोरी ३ वर्षकी भइन्। तर तौल ९ किलोग्राम मात्रै छ। छोरी सुविज्ञाको तौल नबढेकामा सविना चिन्तित छिन्।

"छोरीले दालभातमा मनै लगाउँदिनन्। जाउलो र हलुवा त पटक्कै खाँदिनन्", दुखेसो पोख्दै भनिन्, "खाना रुचाउने दबाई पाइन्छ कि भनेर अस्पताल ल्याएको। डाक्टर साबले कुपोषणको आशंका गर्नुभयो। रगत, पिसाब जचाउँन दिएको छु। रिपोर्ट आउन बाँकी छ।"

जन्मँदा २ किलो ७ सय ग्राम रहेकी सुविज्ञा सुरुका ४ महिनासम्म छिट्टै बढिन्। अर्थात् हरेक महिना ८ सय ग्रामदेखि १ किलोसम्म वजन बढ्यो। तर जब सविनाको दूध आउन छड्यो तब उनले छोरीलाई अन्य खानेकुरा र वैकल्पिक दूध खुवाउन थालिन्। त्यही बेलादेखि छोरीको वजन बढ्न कम हुँदै गएको उनी बताउँछिन्।

"मेरो नानीसँगै जन्मेका छिमेकीका बच्चा यो भन्दा दोब्बर ठूला छन्", सविनाले भनिन्, "हाम्रो त केही खान्न। दुईगाँस भात खुवाउन परे मोबाइल देखाएर सारा गाउँ डुलाउनुपर्छ। बिस्कुट पायो भने खान्छे। नुनिलो खाने त पिरो नहाली उमालेको चाउचाउको झोल मात्रै हो।" छोरीले भात खान नमानेपछि पसलकै खानेकुरा खुवाउने गरेको उनी सुनाउँछिन्। रौतहट घर भई हाल हेटौँडा-४ बस्ने अर्जुनवीर महतोका ९ वर्षका छोरा ३५ किलोका छन्। आफ्नो छोरा धीरेन्द्र टन्न खाएर मोटाएको देख्दा अर्जुनवीर र उनकी श्रीमती दंग थिए।

जतिखेर खाना दिए पनि मज्जाले खाने धीरेन्द्र भातै खान रुचाउँछन्। त्यसबाहेक म:म, चाउमिन, आलुचप पनि उनका मनपर्ने खानेकुरा हुन्। दिनमा एउटा कुरमुरे नकिनिदिएसम्म त उनी होमवोर्क नै गर्दैनन्। केही दिनअघि ज्वरो आएपछि हेटौँडा अस्पताल लगिँदा धीरेन्द्रको उमेर र तौल सुनेर डाक्टर नै अचम्ममा परेको अर्जुनवीर सुनाउँछन्।

यसरी बालबालिका असामान्य दुब्लो अथवा मोटो देखिनु जंकफुड (पत्रु खानेकुरा) नै कारण भएको बालबारोग विशेषज्ञ बताउँछन्।

बालबालिकालाई पोषणयुक्त खानेकुरा खुवाउनभन्दा उनीहरूले जे रुचाउँछन् त्यही खुवाउने चलनका कारण शरीरको वजनमा समस्या देखिएको हुनसक्ने हेटौँडा अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ डा. हरि खड्का बताउँछन्।

पछिल्लो समय आमा छोराछोरी खुसी बनाउन प्याकेजिङ गरिएका, नुन, चिनीको मात्रा नमिलाइएका खानेकुरा खुवाउने गरिएकै कारण बालबालिकाको वजनमा समस्या आउने गरेको डा. खड्काले बताए। यसले गर्दा बालकालिकाको शारीरिक विकासमै असर पुग्ने उनको भनाइ छ। सजिलोका लागि पसलका खानेकुरा खुवाउँदा पोषण नपुग्ने मात्रै होइन, विभिन्न रोगसमेत लाग्ने सम्भावना हुने जानकारी दिँदै डा. खड्काले थपे, "खानपानमा सुधार नगरे आफ्ना बालबालिकामा गम्भीर रोग लाग्न सक्छन् भन्ने ख्याल नै गर्दैनौँ। बालबालिकाको उचित आहार, खानपिन र स्वास्थ्यका विषयमा गम्भीर नभई पत्रु खानाको प्रयोगले बालबालिकामा डायरिया, ग्यास्ट्रिक, कुपोषण तथा घातक रोग क्यान्सरसम्म हुने क्रम बढ्दै गएको छ।"

हेटौँडाको सरकारी तथा निजी क्लिनकमा गरी डा. खड्काले दिनहुँ २ देखि ३ सय जनासम्म बालबालिकाको जाँच गर्ने गरेका छन्। यस क्रममा नवजात शिशुमा निमोनिया र १ देखि १० वर्षसम्मका बालबालिकामा फुड पोइजन, ग्यास्ट्रिक र कुपोषणजस्ता समस्या देखिने गरेको उनको अनुभव छ।

"सहरीकरण बढ्दै गएपछि हाम्रो समाजमा पनि जंकफुड प्रयोग बढ्दै गयो", डा. खड्काले भने, "स्टोर गरेर राखेका खानेकुरा बालबालिकाका लागि मात्रै होइन, सबैका लागि हानिकारक हुन्छ। अजिनामोटो प्रयोग गरिएका खानेकुराले हड्डी मक्काउने समस्या ल्याउँछ। पछिल्लो समय जंकफुडकै कारण बालबालिका बिरामी हुने दर बढ्दै गएको छ।"

असामान्य वजन

गरिबीका कारण पोषणयुक्त खानेकुरा खुवाउन नसक्दा बच्चा कुपोषित हुन्छन् भन्ने आम बुझाइ छ। तर यो पूर्ण सत्य नभएको बालरोग विशेषज्ञ बताउँछन्।

अन्य विभिन्न कारण पनि बालबालिका कुपोषणको सिकार हुने गरेका छन्। गरिबी एउटा कारण भए पनि त्योभन्दा बढी बुझाइको कमी र हेलचक्र्याइँ प्रमुख कारण देखिएको उनको भनाइ छ।विज्ञका अनुसार पछिल्लो समय पत्रु खानेकुराकै कारण बालबालिका असामान्य तरिकाले मोटाउने अथवा दुब्लाउने गरेका छन्। यसरी सुक्नु र फुक्नु दुवै कुपोषण हुन्। बजार मा पाइने रेडिमेड खानाका कारण बालबालिकामा सुक्ने अथवा फुक्ने दुवै खालका समस्या देखिएको स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका वरिष्ठ जनस्वास्थ्य प्रशासक सतीश विष्ट बताउँछन्।

"जंक या फास्ट फुड जसलाई नेपालीमा "कुखाद्य" पनि भनिन्छ" उनले भने, "यस्ता खानेकुराले लामो समयपछि देखिने समस्यालाई बढावा दिन्छ, जस्तै: मुटुरोग, डाइबिटिज, मिर्गौलामा आउने समस्या आदि। किनभने जब बालबालिकाले अधिक मात्रामा जंक फुड खान थाल्छन् तब उनीहरूको शरीरमा परिवर्तन सुरु हुन्छ।" शरीरमा आउने परिवर्तन नै दीर्घकालीन समस्याको जड भएको विष्टले बताए।

सहरी क्षेत्रमा बढ्दो कुपोषण

पहिले-पहिले खासगरी दुर्गम भेगका बालबालिकामा कुपोषणको समस्या धेरै देखिन्थ्यो। तर पछिल्लो समय सहर-बजारकै बालबालिकामा पनि यो समस्या देखिन थालेको स्वास्थ्य निर्देशनालय बागमती प्रदेशले जनाएको छ। निर्देशनालयको तथ्यांकअनुसार बागमती प्रदेशमा बर्सेनि कुपोषण हुने बालबालिकाको संख्या बढ्दो छ।

आर्थिक वर्ष २०८०/०८१ मा प्रदेशका १३ जिल्लामा १ हजार ७ सय ३९ बालबालिकामा कुपोषण देखिएको स्वास्थ्य निर्देशनालय बागमती प्रदेशको तथ्यांक छ। जसमा सबैभन्दा धेरै काठमाडौँ उपत्यकाको ललितपुर जिल्लामा मात्रै ९ सय १५ जना बालबालिका छन्। यस्तै काठमाडौँमा २ सय २० तथा भक्तपुरमा ४९ जना बालबालिकामा कुपोषण देखिएको थियो।

उपत्यकाबाहेक चितवनमा १ सय ८९, मकवानपुरमा ५७, सिन्धुलीमा ६९, रामेछापमा १२, काभ्रेमा ९२, दोलखामा २०, सिन्धुपाल्चोकमा २२, रसुवामा १५, धादिङमा ६१ र नुवाकोटमा १८ जना बालकालिका कुपोषणको सिकार भएको तथ्यांक स्वास्थ्य निर्देशनालयसँग छ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा यो दर केही घट्दो भए पनि अपेक्षा गरिएजस्तो कुपोषणमा सुधार आउन नसकेको निर्देशनालयका प्रवक्तासमेत रहेका जनस्वास्थ्य प्रशासक सतीश विष्ट बताउँछन्।

उनका अनुसार आर्थिक वर्ष २०७९/०८० मा प्रदेशका १३ जिल्लामा १ हजार ८ सय ६६ बालबालिकालाई कुपोषण भएको थियो। जसमा सबैभन्दा धेरै बालबालिका उपत्यकाकै छन्। ललितपुरमा ५ सय ४४, काठमाडौँमा २ सय ७८ र भक्तपुरमा ८६ बालबालिकामा कुपोषण देखिएको निर्देशनालयको तथ्यांक छ।

यस्तै उपत्यकाबाहिरका १० जिल्लामध्ये चितवनमा सबैभन्दा धेरै ३ सय ३१, मकवानपुरमा ६१, सिन्धुलीमा ७२, रामेछापमा ३२, काभ्रेमा १४१, दोलखामा ४८, सिन्धुपाल्चोकमा ६१, रसुवामा ३, धादिङमा १ सय ३० र नुवाकोटमा ८६ जना बालकालिकामा कुपोषण देखिएको स्वास्थ्य निर्देशनालयको तथ्यांकमा उल्लेख छ।

कस्ता खानेकुरा खुवाउने ?

बालबालिकालाई खुवाउने खानाको सूचीबाट जंकफुड पूर्ण रूपमा हटाइनुपर्ने बालरोग विशेषज्ञ डा. हरि खड्का बताउँछन्। बालबालिकाले खाने खानामा प्रशस्त प्रोटिन, फाइबरयुक्त चिज हुन जरुरी छ।

डा. खड्का भन्छन्, "बालबालिकाको शरीर अरू उमेर समूहमा भन्दा छिटो हुर्कने भएकाले उनीहरूको खानेकुरामा ध्यान दिन निकै जरुरी छ। शरीर छिटो बढिरहेको हुन्छ र पेट पनि सानो हुन्छ। त्यसैले उनीहरूलाई उमेर पुगेका मानिसलाई जसरी खानेकुरा खुवाउनु हुँदैन। केही समयको अन्तरालमा खुवाइर हनुपर्छ।"

"बालबालिकालाई खुवाउने खानेकुरामा हरेक दिन शरीरलाई चाहिने पौष्टिक तत्वको मात्रा पूरा हुनुपर्छ। एकै खानेकुराबाट सबै पोषक तत्व नपाइने हुनाले उनीहरूका लागि मिश्रित खाना खुवाउँदा राम्रो हुन्छ", उनले भने,"हरेक दिन बालबालिकाको खानामा हरियो सागपात, फलफूल र मासुजन्य कुरा हुनु आवश्यक छ। मासु नखाने बालबालिकालाई प्रोटिन पाइने गेडागुडी, दूध खुवाउँदा राम्रो हुन्छ।"

उनका अनुसार बालबालिका एकपटक मात्रै स्वस्थ खानेकुराको लतमा परे भने पछि उनीहरूको शरीरले जंकफुड खान खोज्दैन। यसले उनीहरूको शरीरिकदेखि मानसिक स्वास्थ्यसम्मलाई सन्तुलनमा राख्न मद्दत गर्ने डा. खड्काले बताए।

कैलाश गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । *बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।*

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

कैलाश गाउँपालिका
गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

सहीरबर

फिचर/विचार/समाचार

२०८१ भदौ २७ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

बाल संरक्षण मापदण्ड: ऐनमा छ तर कार्यान्वयनमा छैन



✍ टंक ढकाल/*nimjn*

'बुलिङ' बाट बच्न

–आफूले विश्वास गर्न सक्ने साथी, शिक्षक वा परिवारको सदस्यसँग मनका कुरा भन्नुहोस् ।
–आफूले भोगिरहेको समस्याबारे शिक्षक, विद्यालय प्रशासनलाई जानकारी गराउनुहोस् ।
–बुलिङबाट मनोसामाजिक समस्या देखिए कुरा नलुकाउनुहोस् । मनोपरामर्शदातासँग त्यसबारे मनोपरामर्श गर्नुहोस् ।
–सामाजिक सञ्जालमार्फत भइरहेको कुनै पनि दुर्व्यवहारको प्रहरीमा रिपोर्ट गर्नुहोस् ।
–आफूलाई समय दिनुहोस् । आफूलाई मन पर्ने काम गर्नुहोस् । जस्तैः किताब पढ्नु, संगीत सुन्नु, भ्रमण आदि । यी क्रियाकलापले तपाईंलाई राम्रो महसुस गराउँछन् । तपाईंको आत्मविश्वास बढाउँछन् ।

बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकाको शारीरिक तथा मनोसामाजिक सुरक्षाका लागि हरेक विद्यालय तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरूले 'बाल संरक्षण मापदण्ड' बनाउनुपर्ने व्यवस्था गरेको छ ।

तर, बालबालिकालाई सम्भावित मनोसामाजिक समस्याबाट जोगाउन आवश्यक कानुनी व्यवस्था गर्न तथा भएका व्यवस्थाहरू पनि लागू गर्न सकिएको छैन । सिधा सरोकार रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग अहिलेसम्म देशका विद्यालय वा संघसंस्थाले मापदण्ड बनाए या बनाएनन् भन्ने जानकारी नै छैन ।

बालबालिकामाथि हुने हिंसा, अपराध वा दुर्व्यवहारको दायरामा शारीरिक दण्ड वा पीडालाई ऐनमा नसमेटिएको होइन, अधिकांश रूपमा समेटिएको छ । तर, मनोसामाजिक असर र त्यसबाट बालबालिकालाई जोगाउनका लागि कानुनी व्यवस्था भने स्पष्ट छैन । कानुनले व्यवस्था गरेको कुरा लागू नै भएको छैन । त्यस्तै, आवश्यक कानुन बनाउन भएका प्रयास पनि अलपत्र छन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सूचना अधिकारी चिरञ्जीवी भण्डारी निकै कम विद्यालयले सो मापदण्ड बनाएको हुन सक्ने बताउँछन् । "कति विद्यालय र संस्थासँग यस्तो मापदण्ड छ भनेर यकिन गर्नका लागि हामीसँग तथ्यांक छैन," उनी भन्छन् ।

तर, कानुनले नै तोकेको मापदण्ड नहुँदा विद्यालयस्तरका बालबालिकाको शारीरिक तथा मनोसामाजिक सुरक्षासँग सम्झौता भइरहेको यस क्षेत्रमा काम गर्दै आएकाहरू बताउँछन् । राष्ट्रिय बाल अधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्द सरोकारवालाहरूलाई जिम्मेवार बनाउन पनि कानुन आवश्यक रहेको बताउँछन् । "सरोकारवालाहरूलाई जिम्मेवार बनाउनका लागि भए पनि यो मापदण्ड अत्यावश्यक छ," उनी भन्छन् ।

शिक्षा मन्त्रालयअन्तर्गतको शिक्षा तथा मानव विकास स्रोत केन्द्र (सीईएचआरडी) को पछिल्लो तथ्यांक (सन् २०२३) अनुसार देशभर सार्वजनिक र संस्थागत गरी ३६ हजार ३२ विद्यालय छन् । यी विद्यालयमा प्राथमिक तह (कक्षा १ देखि ८ सम्म) ५४ लाख ३८ हजार तथा माध्यमिक तह (कक्षा ९ देखि १२) मा १७ लाख ८४ हजार विद्यार्थी छन् ।

यस्तै देशभर ४० हजार ६ सय ५६ वटा पूर्वप्राथमिक शिक्षा केन्द्रहरू छन् । जहाँ १२ लाख ८ हजारभन्दा बढी बालबालिका (पाँच वर्षसम्म) अध्ययन गर्छन्। तर, बालबालिकाबारे सरोकार राख्ने मन्त्रालयहरूसँग बाल संरक्षण मापदण्ड कार्यान्वयनको कुनै नै जानकारी छैन ।

त्यसमा के भइरहेको छ, कसरी भइरहेको छ, कार्यान्वयन भएको छ वा छैन त्यसबारे पनि सम्बन्धित निकाय अनभिज्ञ छन् । त्यसमा पर्छन्, शिक्षा मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अनि यी मातहतका निकाय । शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटा भन्छन्, "हामीसँग बाल संरक्षण मापदण्ड कार्यान्वयनको अवस्थाबारे जानकारी छैन ।"

के हो बाल संरक्षण मापदण्ड ?

बालबालिकाको अधिकारको सम्मान, संरक्षण एवं उनीहरूको 'सर्वोत्तम हित कायम गर्न' बनेको कानून हो, बालबालिकासम्बन्धी ऐन, २०७५ । प्रचलनमा रहेको यो ऐनले बालबालिकाको हितका लागि 'बाल संरक्षण मापदण्ड' को व्यवस्था गरेको छ ।

दफा ५७ को उपदफा १ मा भनिएको छ, 'विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूले बालबालिकाविरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नका लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्नुपर्नेछ ।'

ऐनको दफा ५७ उपदफा २ मा 'उपदफा १ बमोजिम निर्माण गरिएको बाल संरक्षण मापदण्ड कार्यान्वयन गर्नु विद्यालय, प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाका प्रमुखको दायित्व हुनेछ' भनी उल्लेख छ । तर, ऐनमा यसरी व्याख्या गरिँदा पनि हालसम्म यसमा कुनै प्रगति भएको छैन । जसका कारण ऐनको 'बालबालिकाको सर्वोत्तम हित कायम गर्न' भन्ने उद्देश्यमाथि नै गम्भीर प्रश्न उब्जिएको छ ।

शिक्षा मन्त्रालयअन्तर्गतको विद्यालय शिक्षा शाखाका उपसचिव रामप्रसाद शर्मा मापदण्ड बनाएर लागू गर्नुपर्ने व्यवस्थाबारे विद्यायलहरूलाई नै जानकारी नभएको हुन सक्ने बताउँछन् । "विद्यालयहरूलाई मापदण्ड बनाएर लागू गर्नुपर्ने व्यवस्थाबारे जानकारी नहुन पनि सक्छ," उनी भन्छन् । तर, नेपालको संविधानमा 'कानूनको अनभिज्ञता क्षम्य' नहुने उल्लेख छ । अर्थात्, भएको कानुनबारे आफूलाई जानकारी नै नभएको भनेर जिम्मेवारीबाट उम्किन कसैले पनि पाउँदैन । सर्वसाधारण नागरिकले पनि पाउँदैनन् । शिक्षा मन्त्रालयका अधिकारी भने कानूनमा भएको व्यवस्थाबारे विद्यालयहरूलाई जानकारी नभएको हुन सक्ने कुरा सजिलै भन्छन् । त्यसले गर्दा कार्यान्वयनमा समस्या आएको हुन सक्ने भन्दै उम्कने प्रयास गर्छन् ।

मापदण्डको नमुना अहिलेसम्म सार्वजनिक भएको छैन । "सम्बन्धित निकाय आफैंले बनाउँला भन्ने मान्यता हो," शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटा भन्छन् । मापदण्डको नमुनाकै अभावमा विद्यालय तथा सम्बन्धित संस्थाहरू अलमलमा नपरून् भनेर र ाष्ट्रिय बाल अधिकार परिषद्ले अहिले आएर काम गरिरहेको छ । "हामीले मापदण्डको नमुनाको खाका बनाएका छौं," परिषद्का सूचना अधिकारी चन्द भन्छन्, "त्यो अहिले विज्ञसँगको छलफलमा छ ।" आफूहरूले बनाएको नमुना सार्वजनिक भएपछि त्यो नै सबैले हुबहु लागू गर्नुपर्छ भन्ने नरहेको पनि उनले स्पष्ट पारेका छन् ।

मापदण्डको जस्तै हालत छ, गुनासो सुनुवाइ कार्यविधि, २०७४ (संशोधन २०७७) को पनि । स्थानीय तहले लागू गर्ने गरी शिक्षा विभागले बनाएको नमुना कार्यविधिको कार्यान्वयन भएको छ/छैन वा यसको प्रगति कस्तो छ भन्ने जानकारी पनि अहिलेसम्म उपलब्ध छैन । कार्यविधिअनुसार विद्यार्थी वा उनका तर्फबाट अभिभावक या अन्य कोहीले लिखित वा मौखिक रूपमा गुनासो दर्ता गराउन सक्छन् ।

गुनासो सुनुवाइ समिति वा गुनासो सुन्ने शिक्षक, प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई विद्यार्थीले विद्यालयभित्र, विद्यालय आउँदाजाँदा वा घरपरिवार र छिमेकमा भोगेका समस्याबारे गुनासो गर्न सक्ने बाटो कार्यविधिले खुलाएको छ ।

त्यस्तै, विद्यालय हाताभित्र, विद्यालय आउँदाजाँदा, घरपरिवार समुदायमा बालबालिकामाथि हुन सक्ने सबै प्रकारका भेदभाव, दुर्व्यवहार, शोषण, लैंगिक हिंसा, बेवास्ता वा हेलचेक्र्याइँ, शारीरिक वा मानसिक दण्डसजाय, बुलिङलगायतको रोकथाम गर्न तथा कुनै घटना भएमा निश्चित प्रक्रिया अपनाई त्यसलाई सम्बोधन गरी विद्यालयमा सबै बालबालिकाको सहभागिता वृद्धि गर्दै गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने लक्ष्य यस कार्यविधिको रहेको छ ।

तर, देशभरका कति विद्यालयले यसअनुसार काम गरेका छन् वा कति गुनासो परे र कतिको सुनुवाइ भयो भन्नेबारे तथ्यांकसँगै जानकारी पनि नरहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जनाएको छ । "हामीले काम सुरु गरेका छौं," केन्द्रको समावेशी शिक्षा शाखा प्रमुख डा. दिव्या दवाडी भन्छिन्,"गुनासो सुनुवाइका लागि स्रोतसामग्री बनाउने कुरा अहिले आएर हाम्रो वार्षिक कार्यक्रममा परेको छ । तर, अहिलेसम्म के भयो भन्ने तथ्यांकचाहिँ छैन ।"

अलपत्र प्रस्तावित कानुन

बालबालिकासम्बन्धी कानूनमा हिंसा र त्यसको परिणामबारे स्पष्ट उल्लेख गरिए पनि मनोसामाजिक पक्षलाई भने विस्तारित रूपमा समेटिएको छैन । त्यो अभाव पूर्तिका लागि भन्दै बनाइएको कानुन भने दुई मन्त्रालयबीच अलपत्र परेको छ । ती मन्त्रालय हुन्, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र शिक्षा मन्त्रालय । यी दुई मन्त्रालयले चासो नदेखाउँदा बालबालिकाको हितका लागि बनाइएको कानुन यसै अलपत्र परेको छ ।

केन्द्रीय बाल कल्याण परिषद्ले शारीरिक सहित मनोसामाजिक हिंसा वा दण्डलाई परिभाषित गरेर 'बालबालिकाप्रति गरिने शारीरिक तथा मानसिक सजाय निषेध र नियन्त्रण राष्ट्रिय निर्देशिका, २०७६ को ड्राफ्ट बनाएर चार वर्षअघि २०७६ माघ २४ मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाएको थियो । "हामीले पठाएको ड्राफ्ट निर्देशिकामाथि थप प्रगति भएको छैन," राष्ट्रिय बाल अधिकार परिषद्का सूचना अधिकारी चन्द भन्छन्, "विद्यालयसँग सम्बन्धित भएकाले शिक्षा मन्त्रालयमा पठाएको थाहा छ । त्यसपछि कुनै प्रगति भएको छैन ।"

अर्कोतिर शिक्षा मन्त्रालयका अधिकारी भने सो प्रस्तावित निर्देशिका कुन अवस्थामा छ भन्ने थाहा नभएको बताउँछन् । मन्त्रालयका प्रवक्ता सापकोटा भन्छन्, "त्यो निर्देशिकाको अवस्था बारे ठ्याक्कै थाहा छैन । तर, हामीले दण्डरहित शिक्षणलाई भने प्राथमिकतामा राख्दै आएका छौं ।"

परिषद्का अनुसार बालबालिकामाथि विद्यालय वा बाहिर हुने मनोसामाजिक रूपमा असर गर्ने व्यवहारलाई स्पष्ट पारेर त्यसलाई निषेध तथा नियन्त्रण गर्न सहयोग पुग्ने गरी निर्देशिकामा व्यवस्था गरिएको छ ।

प्रस्तावित निर्देशिकामा 'मानसिक सजाय'लाई पनि परिभाषित गरिएको छ । जुन कुरा बालबालिका र विद्यालय शिक्षासम्बन्धी अरू कानुनमा विस्तारित रूपमा अहिलेसम्म देखिएको छैन । निर्देशिकाले 'अमर्यादित बोली, व्यवहार, भाषा, हाउभाउ, इसारा, संकेत तथा गलत सूचना र जानकारीले वा गम्भीर शारीरिक सजायका कारणले बालबालिकाको मनमा हुने पीडा, हिंसा, आघात, तनाव र यातना सम्झनुपर्छ' भनेको छ । यसले एक्ल्याउने वा मानसिक पीडा दिने, तर्साउने, मानसिक क्षति पुऱ्याउनेसहितका कार्यलाई पनि समेटेको छ ।

घर, विद्यालय, समुदाय र अन्य जुनसुकै स्थान तथा अवस्थामा शारीरिक र मानसिक सजायरहित बालमैत्री हुर्काइ र सिकाइको वातावरण तयार गर्ने उद्देश्य तोकिएको निर्देशिका मन्त्रालयमा अलपत्र पर्नु बालबालिकाको हितविपरीत रहेको परिषद्ले जनाएको छ ।

शिक्षासम्बन्धी कानुनी व्यवस्था र आवश्यक कानुनका लागि छलफल गर्ने प्राथमिक संसदीय शिक्षा समितिले पनि सो प्रस्तावित निर्देशिका बारे जानकारी नभएको जनाएको छ ।

समितिका सभापति भानुभक्त जोशी आफूहरू विद्यालय शिक्षा र त्यससँग जोडिएका विषयमा आवश्यक कानून बनाउने वा परिमार्जन गर्नमा तत्पर रहेको बताउँछन् । "तर, हामीलाई परिषद्ले पठाएको निर्देशिकाबारे जानकारी छैन," उनी भन्छन्, "मनोसामाजिक समस्या सम्बोधनको विषय प्राथमिक रूपमा समेत समितिमा उठेको छैन । तर, म आफैं पनि हजुरबुबा भएकोले र एक जनप्रतिनिधिको नाताले बालबालिकाको मनोसामाजिक सुरक्षाको विषयलाई थप प्राथमिकतामा राख्न प्रतिबद्ध छु ।"

साभार: www.nimjn.org

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ भदौ २७ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

फुलेको कपाल र....

हुनसक्छ । कपाल र मुहारमा मात्र होइन बिस्तारै-बिस्तारै हाम्रा दृष्टिले नदेख्न सक्छन् । दृष्टि धुमलिए पनि हाम्रा दृष्टिकोणहरू सही भए भने जिन्दगी बाँच्न सहज हुन्छ । कानले सुन्न छोड्न सक्छन्, हिँडडुल गर्न गाह्रो पर्न सक्छ, भविष्यमा आफ्नो रूप र अवस्था कस्तोसम्म हुनसक्छ भन्ने बारेमा हामी स्पष्ट हुँदै अघि बढ्यौं भने मेरी साथीले झैं फुलेको कपाल ऐनामा हेर्दा अप्ठ्यारो मान्नु पर्दैन ।

"समय" जिन्दगीमा निकै महत्वपूर्ण कुरा हो । आएको समय, गएको पनि समय । आउँदैछ जस्तो लाग्ने पनि समय, जाँदैछ जस्तो लाग्ने पनि समय । जन्मिदाको पनि समय, मर्दाको पनि समय । यही समय हो जहाँ हामी जन्मन्छौं, यही समय हो जहाँ हामी हुर्किन्छौं र आफ्नो जीवनका विविध पाटा बिताउँछौं, यही समय हो हामी मर्छौं । अनि यही समय हो हामी बाँचिरहेका छौं ।

मेरो यात्रा संस्मरण पुस्तक "समय साक्षी"मा मैले लेखेकी छु- "प्रकृतिमा जस्तै जीवनमा पनि उज्याला र अँध्यारा समयहरू छन् । एकातिर दिन हुँदा अर्कोतिर रात । दिन र रातको बीचमा हुने साँझ र बिहानलाई प्राय: मानिसले महत्व दिँदैनन् । समयभित्रका समय भन्न मिल्ने साँझ र बिहानले दिन र रातमा हामीले बाँचेको समय कस्तो थियो भनेर बताइरहेका हुन्छन् । प्रकृतिमा जस्तै मानिसको जीवनमा पनि उज्याला र अँध्यारा समयले परिक्रमा गरिरहन्छन् । जहाँ गए पनि आकाश उस्तै छ, घाम, जून र ताराहरू उस्तै छन् । मानिसलाई चाहिने कुरा पनि उस्तै छन् । हरेक मानिसलाई खुसी चाहिएको छ, सुख, शान्ति र आफ्नोपन चाहिएको छ । मानिसलाई आफन्तको अभाव छैन, तर आफ्नोपनको अभाव छ । संसारभरका मानिसको जीवनमा कुनै न कुनै कुराको अभाव छ । यिनै कुराको खोजीमा मानिस एउटा संसार बाट अर्को संसारमा पुगेका छन् । तपाईंले जीवनमा कति पढ्नुभो भन्दा बढी के पढ्नुभो भन्ने कुराले अर्थ राख्दोरहेछ । कति हिँड्नुभो भन्दापनि कहाँ पुग्ने बाटो हिँड्नुभो भन्ने कुराले महत्व राख्दोरहेछ । कति समय बाँच्नुभो भन्दा कस्तो जीवन बाँच्नुभो, त्यसले माने र ख्दोरहेछ ।" हो, हामी कति समय बाँच्यौं भन्दापनि कस्तो जीवन बाँच्यौं भन्ने कुराले अर्थ राख्छ । जीवनमा भोलि कहिल्यै आउँदैन, त्यसैले भोलिको धेरै चिन्ता नगरी आज निर्धक्क बाँचौं । *घटना र विचारबाट साभार*

प्रदेश सरकारद्वारा भक्तपुर अस्पताललाई स्वास्थ्य सामग्री

○सहीखबर संवाददाता



मकवानपुर । बागमती प्रदेश सरकारले सुर्यविनायक नगर अस्पताललाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ ।

बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले सुर्यविनायक नगरपालिकाद्वारा ८ नम्बर वडास्थित जगातीमा संचालित अस्पताललाई ४५ लाख बराबरको मेडिकल सामग्री तथा औषधीहरु हस्तान्तरण गरेका हुन् ।

अस्पतालबाट माग भए बमोजिम स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र हेटौंडाद्वारा सीप्याप मेसिन, बिप्याप मेसिन, हाइफ्लो नोजल क्यानुला, प्यासेन्ट मनिटर, डेफिब्रीलाटर मेसिन, माइक्रो स्कोप, इसिजी मेसिनलगायत औसधिहरु अस्पतालका प्रमुख डा. राकेश कुमार वर्मालाई हस्तान्तरण गरिएको हो । मन्त्री थापाले सबै जनताको पहुँच स्वास्थ्यमा हुनुपर्ने बताए । स्वास्थ्य सामग्रीलाई पारदर्शी किसिमले नागरिकलाई सेवा दिनेगरी सञ्चालन गर्न उनले आग्रह गरे । "बिरामीको उपचारमा साना साना सामग्रीले ठूलो सहयोग पुग्ने भएकाले सामानको सही सदुपयोग गर्नुपर्नु पर्छ" उनले भने। कार्यक्रममा आपूर्ती केन्द्रका निर्देशक बसन्त अधिकारी, मन्त्रालयका महाशाखा प्रमुख एवम् प्रवक्ता डा. खगेश्वर गेलाललगायत सहभागी थिए ।

शिक्षा र सिप जीवनको सबैभन्दा भरपर्दो सारथी हुन् । ● सहीखबर साप्ताहिक

अवरोध घटाऔं, आमा र शिशुलाई स्तनपानबाट बञ्चित नगरौं ।



काम ८ घण्टा होला तर २४ सै घण्टा उनी आमा हुन् ।
काममा फर्किनु पर्ने कारणले गर्दा स्तनपानलाई
निरन्तरता दिन र नियमित बनाउन स्तनपान गराउने
आमाहरूले ठूलै चुनौती व्यहोर्दै आउनु परेको छ ।

कार्यस्थलमा स्तनपानका लागि सहज वातावरण
बनाइदिनु सम्बन्धित सबैको जिम्मेवारी हो ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

सिद्धार्थ माध्यमिक विद्यालय
हेटौंडा-२, मकवानपुर
BIG SCHOOL



PROGRAMMES

Class 11
Science
Law Education
Management

CTEVT
3 Yrs Diploma in Forestry

Contact at: 057-520700, 9845302800,
9845058715, 9845072247, 9845028839, 9855070647

हावाभरमा बागमती भ्रमण वर्ष योजना १ करोड लगानीमा प्रचारप्रसार मात्रै

मकवानपुर । आर्थिक मन्दिले थिलोथिलो भएको अर्थतन्त्रमा सुधार ल्याउने योजना सहित बागमती प्रदेश सरकारले घोषणा गरेको भ्रमण वर्ष खासै उपलब्धिपूर्ण देखिएको छैन ।

भिजिट नेपाल २०२० कोरोनालगायतको संकटको कारण असफल भएपछि बागमती प्रदेश सरकारले २०२४ लाई पर्यटन वर्षको रुपमा मनाउने तयारी गऱ्यो । सोही तयारी अनुसार अंग्रेजी महिना जनवरी १ देखि भ्रमण वर्ष योजना लागु भएको घोषणा गरियो तर जनवरीदेखि ९ महिना पुराहुँदै गर्दा भ्रमण वर्षको उपलब्धि देखिएको छैन । तत्कालीन संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जनले भ्रमण वर्ष-२०२४ घोषणा गरेका थिए।

प्रदेशको पर्यटन प्रवद्धनका लागि आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने उद्देश्यका साथ भ्रमण वर्ष घोषणा गरिएको थियो । कुनै खाका बिना नै पर्यटक भित्र्याउ हावादारी घोषणाले अभियानलाई सफल बनाउन सकेन । यस अवधिमा बागमती प्रदेशमा कति पर्यटक भित्रिए भन्ने तथ्यांकसमेत प्रदेशको पर्यटन मन्त्रालयसँग छैन ।

आतिथ्य र एकता अभिवृद्धि गर्दै कला, संस्कृति, रहनसहन, परम्परा संरक्षण र सम्बद्धन तथा पर्यटकीयस्थल र सम्भावना पहिचान, प्रचारप्रसार र विकासमा योगदान पुऱ्याई बागमती प्रदेशलाई उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने लक्ष्यका साथ भ्रमण वर्ष मनाउन भनेर १ करोड रुपैँया बजेट विनियोजन पनि गरिएको थियो। तर अहिलेसम्म नतिजा शून्य ।

भ्रमण वर्ष घोषणा गरेयताका ८ महिनाभित्र पर्यटन मन्त्रालयले तीनजना मन्त्री फेरिसक्यो। केन्द्रको राजनीतिक अस्थिरताले नेपाली कांग्रेस सरकारबाट बाहिरिएपछि तत्कालीन पर्यटन मन्त्री पुकार महर्जन हटाइए । नेकपा एमाले र माओवादी केन्द्र सम्मिलित गठबन्धनअनुसार प्रदेश सर कार गठनका लागि बहुमत नपुगेपछि प्रदेश सभामा दुई सिट मात्र रहेको हाम्रो नेपाली पार्टी (हानेपा) ले पनि अवसर पायो।

हानेपाका शैलेन्द्रमान बज्राचार्य पर्यटन मन्त्री बने। उनले करिब ४ महिना मन्त्रालय सम्हाल्न पाए। तर यो अवधिमा उनले पनि भ्रमण वर्ष झल्कने गरी त्यस्तो कुनै काम गरेनन्।

गत महिना मात्रै फेरि कांग्रेसकै विमल ठकुरी संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारीमा आइपुगे । उनले मन्त्रालय सम्हालेको एक महिना दिन बित्यो। तर उनी भ्रमण वर्षका विषयमा आफूले केही नबुझेको बताउँछन् । मन्त्रालयले सुरुवात गरेको भ्रमण वर्षमा के के काम भए ? कति बजेट खर्च गरियो ? पर्यटन प्रवद्धनका लागि कस्ता कार्यक्रम भए भन्ने विषयमा मन्त्रालयबाट ब्रिफिङ लिनै बाँकी रहेको उनी बताउँछन् ।



मन्त्रालयको पदभार सम्हालेलगत्तै सचिवज्यू सरुवा हुनुभयो, यस विषयमा परामर्श र ब्रिफिङ हुन बाँकी छ ।" भ्रमण वर्ष-२०२४ मनाउन अझै केही महिना बाँकी नै रहेका कारण यस विषयमा आफूले प्रभावकारी ढंगले काम गर्न सक्ने संभावना रहेकोमा उनी आशावादी छन् । यता मन्त्रालयका प्रवक्ता उत्तम चौलागाईले भने भ्रमण वर्ष प्रभावकारी भएको दाबि गरे । यसका लागि विनियोजित रकममध्ये ५४.७५ प्रतिशत खर्च भएको उनको भनाइ छ । उनका अनुसार भ्रमण वर्षलक्षित प्रचारप्रसार सामग्रीको उत्पादन जिङ्गल, डकुमेन्ट्री, राष्ट्रिय कलाकारबाट सन्देशमूलक भिडिओ निर्माण, होडिङ बोर्ड, पत्रपत्रिका/रेडियो/टीभीमार्फत कार्यक्रम प्रचारप्रसार, टोपी, ब्याज, स्टिकर, पेन, खादा, हाफ ज्याकेट, क्यालेन्डर, कप आदिमा खर्च गरिएको हो।

प्रदेशमा यस अवधिमा कति पर्यटक भित्रिए भन्ने तथ्यांक राख्न नसकेको मन्त्रालयले ससाना सामान खरिदमा भएको खर्चको विवरण भने राखेको छ । मन्त्रालयले भ्रमण वर्ष-लक्षित कार्यक्रममा १० स्थानमा पर्यटन प्रवद्धन अन्तरक्रिया तथा छलफल, ग्रामीण पर्यटन प्रवद्धनका लागि बागमती प्रदेश होमस्टे महासंघको सहकार्यमा प्रवर्द्धनात्मक कार्यक्रम, बागमती प्रदेशभित्रका नवीन पर्यटकीय क्षेत्रको खोज तथा सम्भाव्यता अध्ययन तथा प्रवद्धनात्मक कार्य गरिएको उल्लेख गरेको छ। जसका लागि कूल विनियोजित बजेट १ करोडमा करिब ५५ लाख खर्च भएको प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले जनाएको छ।

बिनाविभागीय मन्त्रीलाई जिम्मेवारी दिने विषयले गठबन्धनमा दरार

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशका बिनाविभागीय मन्त्री मुधुकुमार श्रेष्ठलाई जिम्मेवारी दिने विषयले सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेबीच दरार पैदा भएको छ।

गत साउन ९ गते कांग्रेसबाट नियुक्त भएका मन्त्री श्रेष्ठलाई जिम्मेवारी दिन एमालेको भागमा परेको मन्त्रालय टुक्राउन खोजेपछि दुई दलबीच विवाद भएको हो । मुख्यमन्त्री बहादुर सिंह लामाले एमालेले नेतृत्व गर्दै आएको भौतिक पूर्वाधार विकास मन्त्रालय फुटाएर श्रेष्ठलाई जिम्मेवारी दिने बताएका छन्। तर एमालेले भने आफ्नो भागमा परेको भौतिक पूर्वाधार मन्त्रालय कुनै पनि हालतमा फुटाउन नदिने अडान लिएको छ।

मन्त्री श्रेष्ठलाई कुन मन्त्रालय दिने भन्ने विषयमा दुई दलबीच सहमति जुट्न नसकेको कांग्रेसका एक प्रदेश सांसदले बताए। कांग्रेसले राखेको प्रस्ताव एमालेले नमानेपछि श्रेष्ठलाई विभागीय जिम्मेवारी दिन ढिला भएको ती सांसदको भनाइ छ। "काम गर्ने र बजेट भएको मन्त्रालय लिनका लागि मन्त्रीज्यूले सहरी विकास मन्त्रालय माग्नुभएको छ' ती सांसदले भने,"तर एमालेले उक्त मन्त्रालय फुटाउन मानेको छैन। यही विषयलाई लिएर छलफल तीब्र छ।"

त्यसोत, बिना विभगीय मन्त्री श्रेष्ठ भने आफूलाई संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय दिने सर्तमा सरकारमा सहभागी भएको बताउँछन्। फिल्म लाइनमा समेत आवद्ध मन्त्री श्रेष्ठलाई पर्यटन मन्त्रालय दिइने भन्ने निर्णय भैसकेको थियो।

तर कांग्रेसभित्रकै विवाद मिलाउन उनलाई विभागविहीन राखेर मुख्यमन्त्री सहित अन्य ६ मन्त्रीलाई जिम्मेवारी तोकिएको थियो। साउन ९ मा बिनाविभागीय मन्त्री नियुक्त भएका श्रेष्ठ ३ दिन पर्यटन मन्त्री बस्ने क्वाटरमा समेत बसिसकेका थिए। सवारीदेखि सबै सामानहरू पर्यटन मन्त्रालयकै प्रयोग गरिसकेको मन्त्री श्रेष्ठ स्वीकार गर्छन्।

तर, दोस्रो पटक मन्त्री नियुक्त गर्दा संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय कांग्रेसकै विमल ठकुरीले पाए। त्यसपछि मन्त्री क्वाटर छाडेको श्रेष्ठ बताउँछन्। "अब, जुन पायो त्यही मन्त्रालय लिएर बस्ने कुरा भएन" मन्त्री श्रेष्ठले भने,"बजेट भएको मन्त्रालय चाहिन्छ ।"

उनले थपे, "म मन्त्री हुञ्जेल आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि केही न केही त गर्नुपर्यो नि। त्यसैले सहरी विकास यता ल्याएर काम गर्ने योजना बनाएको हो। मुख्यमन्त्रीज्यूले पनि यसै विषयमा कांग्रेस र एमालेका नेताहरू, दलका नेता र केन्द्र स्तरमै छलफल चलाइरहनु भएको छ ।" तर, एमालेका मन्त्रीहरू भने भौतिक मन्त्रालय कुनै पनि हालतमा नटुक्रने बताउँछन्।

भिमफेदी गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं,
बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

भिमफेदी गाउँपालिका

गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

स्वच्छ समाजको निर्माणमा सहभागी बनौं

- ☞ सम्भव भएसम्म बिद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गरौं,
- ☞ प्लाष्टिकजन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गरौं,
- ☞ वनक्षेत्रको अतिक्रमण र डढेलो नियन्त्रण गरौं,
- ☞ हिमताल, जलाधार, सीमसार तथा पानीका स्रोतहरुको संरक्षण गरौं,
- ☞ नदी र खानीजन्य स्रोतको उत्खननलाई व्यवस्थित गरौं,
- ☞ भिरालो वा तटीय जमीन सुरक्षित गर्न बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरौं,
- ☞ पारिस्थितिक प्रणाली (Ecosystem) को संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड